नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

# वातावरण विभाग

**बबरमहल, काठमाडौं**
**प्रकाशित मिति २०७६/०९/२२**

## दरखास्त सहित प्रस्ताव पेश गर्नुपर्ने सम्बन्धि सूचना

यस विभागको चालु आ व २०७६/७७ को वार्षिक स्विकृत कार्यक्रम अन्तर्गत **वातावरण मैत्री प्रविधिको प्रोत्साहन गर्ने खालका नविन सोचका कार्यक्रमहरुको अध्ययन सिफारिस एवं सहयोग** गर्ने कार्यक्रम रहेकाले इच्छुक प्रदुषण न्युनीकरण/ नियन्त्रण सरसफाइ लगायतका वातावरण संरक्षणका क्षेत्रमा काम गर्ने संघ संस्थाहरुलाइ दरखास्त साथ प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकाशित गरिन्छ ।यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र संघ/ संस्थाहरुले आफ्नो दरखास्त विभागमा उपलब्ध गराउन सकिनेछ ।

नविन सोच ( Innovative Ideas) देहायका विषयमा केन्द्रित हुनुपर्नेछ ।

क) वायु प्रदूषण, जल प्रदूषण, ध्वनि प्रदूषण, स्थल प्रदूषण, फोहोरमैला न्यूनीकरण गर्न गरिने अध्ययन गर्न ।

ख) प्रदूषण न्यूनीकरण गर्नका लागि उत्पादन गर्न तयार गरिने prototype उपकरण सम्बन्धी अध्ययन गर्न ।

ग) प्रदूषण न्यूनीकरण गर्नका लागि उत्पादन गर्न तयार गरिएको Prototype उपकरणको प्रभावकारिता परीक्षण गर्न ।

घ) पछिल्लो समय क्षेत्रिय वा अन्तरराष्ट्रियस्तरमा प्रभावकारी देखिएका नवीनतम प्रविधिहरुको नेपालमा प्रयोग गरी प्रभावकारीता परिक्षण गर्न गरिने Pilot Study गर्न ।

**सहयोग लिने संघ संस्थाहरुले देहाय बमोजिमको विवरण सहित विभागमा दरखास्त दिनुपर्नेछ ।**

क) प्रचलित कानून बमोजिम संघ/संस्थाको दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
ख) संघ संस्थाका संचालकहरुको व्यक्तिगत विवरण ।
ग) संघ संस्थाको अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण विवरण ।
घ) संघ संस्थाको भौतिक अवश्था देखिने विवरण ।
ङ) संघ संस्थाको जनशक्तिको अवस्था ।
च) संघ संस्थाको विधान र संस्थाको संक्षिप्त प्रोफाइल ।
छ) संचालक समितिले अध्ययन सिफारिस एवं सहयोग माग गरेको निर्णयको प्रतिलिपि ।
ज) अन्य साझेदार संघ संस्थाबाट व्योहोरिने स्रोत र सिफारिस ।

झ) प्रस्तावित कार्यक्रममा प्रस्ताव पेश गर्ने संघ संस्थाको हिस्सा खुलेको विवरण ।
ञ) विभागले आवश्यक देखेका अन्य सूचना उल्लेख गरिएका विषयहरु।

माथि उल्लेख भएका विषयहरुमा कार्य गर्न विभागले तोकेको आधार बमोजिम हुन आउने संस्थाले पेश गरेको कुल लागतको पचास प्रतिशत सम्म वा पाँच लाख रुपैयाँ मध्ये जुन न्युन हुन आउँछ सो रकम सहयोग दिन सकिनेछ ।समयसिमा भित्र प्राप्त भएका प्रश्तावहरु विभागले तय गरेका आधार बमोजिम छनौट गरिनेछ ।

थप जानकारीका लागि विभागको वेबसाइट www.doenv.gov.np अथवा सुनिता खनाल (मो नं ९८४१८४०४५०) सँग सम्पर्क गर्न सकिनेछ ।